

**के तपाईको घर पानीले रसाएको छ ?**
**अब चिन्ता नगर्नुहोस** !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ३०२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर ११ गते सोमबार ❑ 29 Nov. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## अपाङ्गता भएका व्यक्तिहरुको बजेट कटौती भएकोमा रुष्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १० मंसिर

अपाङ्गता भएका व्यक्तिहरुको हकहितको लागि गण्डकी प्रदेश सरकारले विनियोजन गर्दै आएको बजेट मध्य केही बजेट यस बर्ष कटौती भएको भन्दै अपाङ्गता भएका व्यक्तिहरु सरकार समक्ष रुष्ट हुनु भएको छ । आइतबार पोखरामा आयोजित एक कार्यक्रममा सहभागि भएका केही अपाङ्गता भएका व्यक्तिहरुले प्रदेश सरकारले अघिल्लो बर्ष विनियोजन गरेको ५० लाख मध्य यस बर्ष घटाएर ३० लाखामा झारेकोमा रुष्ट हुनु भएको हो ।

राष्ट्रिय मानव अधिकार आयोगको आयोजना एवं राष्ट्रिय आदिवासी जनजाति अपांग महिला संघ नेपाल (निडवान) को सहकार्यमा आइतबार पोखरामा भएको अपांगता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, सिआरपीडीको निष्कर्ष सुझाव, २०१८ को कार्यान्वयनको अवस्था सम्बन्धी प्रादेशिक परामर्श कार्यशाला गोष्ठीमा सहभागिहरुले अझै पनि अपाङ्गता भएका व्यक्तिहरुलाई अन्य व्यक्ति सरहको व्यवहार नभएको दाबी गर्नु भयो । अझै पनि अपाङ्गा भएका व्यक्तिले सार्वजनिक यातायातमा ५० प्रतिशत छुट नपाएको गुनासो गर्नु भएको छ । अपांगता स्वावलम्बन विकास संघ (डिडा) नेपालका संस्थापक



अध्यक्ष गिरीधारी सुवेदीले अपांगता परिचयपत्र व्यावहारिक हुन नसकेको दाबी गर्दै त्यसको अनुगमन गर्न आग्रह गर्नु भयो । उक्त कार्यक्रममा बोल्दै गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री जितप्रसाद आलेले समाज बदल्ने भन्ने कुरा एउटा व्यक्ति तथा मन्त्रालयले चाहेर मात्र नहुने दाबी गर्नु भयो । यसमा सबैजना मिलेर काम गर्नुपर्नेमा उहाँको जोड थियो । अपांगताको हितमा प्रदेश सरकार काम गर्न तयार रहेको प्रतिबद्धता जनाउदै मन्त्री आलेले काम गर्नका लागि आर्थिक चुनौती तथा विशेषज्ञको चुनौती रहेको औंल्याउनु भयो । एकअर्काको खुट्टा नतानीकन मिलेर काम गर्नुपर्नेमा जोड दिदै उहाँले अपांगताको समस्या आफूले सोचेभन्दा विकराल रहेको जनाउनु भयो । मानवअधिकार र अपांगताको क्षेत्रमा काम गर्नेहरु आक्रोशित नभइ धैर्य बनेर अघि बढ्न मन्त्री आलेले आग्रह गर्नु भयो । कार्यपत्र प्रस्तुत गर्दै सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव बद्रीनाथ अधिकारीले प्रदेश सरकारले द्वन्द्वपीडित, अपांगता भएका तथा असहायहरुको लागि उच्च शिक्षा हासिल गर्न कमाउँदै पढ्दै कार्यक्रम ल्याएको बताउनु भयो । अपांगता भएका व्यक्तिहरुको निम्ति सरकारले बजेटमा कटौती गरेको सहभागीको जिशासामा उहाले आवश्यक थप बजेटका लागि सहयोग गर्ने वचन दिनु भयो । राष्ट्रिय आदिवासी जनजाति अपांग महिला संघ नेपाल (निडवान) अध्यक्ष एवं त्रिभुवन विश्वविद्यालय अपांगता समावेशी विकास विशेषज्ञ उपप्राध्यापक प्रतिमा गुरुङले अपांगता भएकालाई अन्य व्यक्तिसरह व्यवहार गर्नुपर्नेमा जोड दिनु भयो । उनले अपांगता भएकाको उचित वर्गीकरण हुन आवश्यक भएको बताउनु भयो ।

गैरसरकारी महासंघ नेपाल गण्डकी अध्यक्ष गोपाल खड्काले सडक अपांगतामैत्री हुनुपर्नेमा जोड दिनु भयो । राष्ट्रिय अपांग महासंघ गण्डकी अध्यक्ष खोमराज शर्माले गण्डकी प्रदेश सरकारले अपांगता भएकाहरुको निम्ति बजेटमा कटौती गरेकोमागुनासोगर्नुभयो।कोपिला नेपालकी बिना सिलवालले सरकारी संयन्त्रका भवन आफैँमा अपांगतामैत्री नभएको दाबी गर्नु भयो । अपांगताको हितमा कानुन निर्माण र कार्यान्वयनमा गर्न उहाँले जोड दिनु भयो । अपांगता भएका केही व्यक्तिहरु अझै पनि घरमै बाँधिएर राखिएको उहाँले उल्लेख गर्नु भयो । मनोसामाजिक समस्या कोशिस नेपाल कास्की अध्यक्ष अर्जुन सुनारले मनोसामाजिक समस्या शारीरिक समस्याभन्दा पनि विकराल रहेको अनुभव सुनाउनु भयो । राष्ट्रिय बहिरा महासंघ नेपाल कोषाध्यक्ष सुनिता थापाले श्रवणसुस्त भएकालाई सवारी लाइसेन्समा पहुँच पुग्नुपर्नेमा जोड दिनु भयो ।

शिक्षा विकास तथा समन्वय इकाइ कास्कीका शाखा अधिकृत भरतराज बराल, संघीय आयोजना कार्यान्वयन इकाइका इन्जिनियर पुकार किरण सुनाम, जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्की प्रमुख प्रहरी निरीक्षक भानु शर्मा लगायतले अपाङ्गताहरुको हकहितको लागि आफ्नो क्षेत्रबाट सहयोग गर्ने वचन दिनु भयो । राष्ट्रिय मानवअधिकार आयोग गण्डकी प्रदेश कार्यालयका निमित्त प्रमुख खिमलाल सुवेदीको अध्यक्षतामा सम्पन्न भएको थियो भने कार्यक्रमको संचालन मानवअधिकार अधिकृत कल्पना नेपाल आचार्यले गर्नु भएको हो ।

## फेवातालमा डुंगा सयर गर्नेहरुको भिड्

**पोखरापत्र संवाददाता**
पोखरा, १० मंसिर

हिजोआज पोखराको मुख्य पर्यटकीय गन्तव्य फेवातालमा डुंगा सयर गर्नेहरुको भिडभाड बढेको छ । बिभिन्न शैक्षिक भ्रमणमा आउने आन्तरिक पर्यटक सहित विदेशी पर्यटकहरुको सङ्ख्या समेत पोखरामा बढेकोले फेवातालमा डुंगा सयर गर्नेहरुको सख्यामा बृद्धि भएको डुंगा व्यवसायीहरुले बताउनु हुन्छ ।

पोखराको पर्यटकीय स्थल फेवातालमा हिजो आज दैनिक जसो ३ हजार जना भन्दा बढीले डुंगा सयर गर्ने गरेको फेवा डुंगा व्यवसायी संगठनका निवर्तमान अध्यक्ष बुद्धिबहादुर नेपालीले बताउनु भयो । उहाँका अनुसार दशैं पर्व देखि पोखरामा आन्तरिक पर्यटकको संख्यामा बृद्धि भएसंगै डुंगा सयर गर्ने र तालवराही मन्दिर दर्शन गर्नेहरुको भिडभाड बढेको बताउनु भयो । शनिबार मात्र पोखराको बाराही घाँटमा मात्र



करिब ५ हजार जनाले डुंगा सयर गर्ने भएको डुंगा व्यवसायी मनिराम परियारले दाबी गर्नु भयो । उहाँका अनुसार बिहान देखि बाराही घाटमा डुंगा सयर गर्ने र तालवराही मन्दिर दर्शन गर्नेहरुको निकै भिडभाड भएको छ । पोखराको बाराहीघाट देखि तालबराही मन्दिरमा दर्शन गर्न व्यवसायीहरुले लाइफ ज्याकेटको १० रुपैया शुल्क सहित ७० रुपैया लिने गर्नु भएको छ । दाङको हंस बाहिनी ७ चण्डीनगरपुरबाट शैक्षिक भ्रमणमा आउनु भएको शिक्षक विराट न्यौपाने सहितको टिम समेत डुंगा सयर गर्नु भएको थियो । मंसिर ६ देखि १२ गतेसम्मको शैक्षिक भ्रमणमा निस्केको टोलीले मनकामना मन्दिर दर्शन पछि पोखराको फेवाताल सहितको पोखराको बिशाल महादेवको मुर्ति लगायतको पर्यटकीय गन्तव्य अवलोकन गर्ने भएको शिक्षक न्यौपानेले बताउनु भयो । फेवाताल क्षेत्रमा थस सरसफाई गर्न उहाँले आग्रह गर्नु भएको छ । न्यौपाने जस्ता धेरै संख्यामा हाल पोखरा क्षेत्रमा शैक्षिक भ्रमणमा आउने गर्नु भएको छ ।

## विश्वविद्यालयलाई समुदायस्तरमा विस्तार गर्नु आवश्यक छ : प्रधानमन्त्री

**रासस**
काठमाडौं, १० मंसिर

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले २१औं शताब्दीको आवश्यकता परिपूर्ति गर्न वैकल्पिक साधनस्रोतको खोजीका लागि विश्वविद्यालयलाई समुदायस्तरमा विस्तार गर्नु आवश्यक रहेको बताउनुभएको छ ।

पूर्वाञ्चल विश्वविद्यालय सभाको ३७औँ सभा बैठकलाई आज बालुवाटारमा सम्बोधन गर्नुहुँदै उहाँले समुदायस्तरमा पहुँच विस्तारका लागि विश्वविद्यालयले अघि सारेको नीति तथा कार्यक्रमको कार्यान्वयनमा देखापरेका बाधा-अड्चन, नीतिगत तथा कानुनी समस्याको समाधान र ऐनको समयाकूल परिमार्जन र संशोधनका लागि सरकारबाट यथोचित सहयोग रहने विश्वास दिलाउनुभयो ।

विश्वविद्यालयले स्थापनाको झन्डै तीन दशकमा उल्लेख्य उपलब्धि हासिल गर्न सफल भएकामा प्रधानमन्त्रीले बधाई दिनुभयो । "विश्वविद्यालय स्थापनाका लागि योगदान पुर्‍याउने र यसको प्राज्ञिक उन्नयन र विकासमा सहयोग प्रदान गर्ने सबैलाई धन्यवाद

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पुष १२ देखि पोखरा सडक महोत्सव हुने तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, १० मंसिर

२५ औं पोखरा सडक महोत्सव २०८० यस बर्ष आउदो पुष १२ गते देखि हुने भएको छ । रेष्टुरेण्ट एण्ड बार एसोसियसन (रेवान) पोखराको आयोजनामा अंग्रेजी नयाँ वर्षको अवसरमा पुष १२ गते देखि १६ गतेसम्म उक्त महोत्सव हुने भएको आइतबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराएको हो ।

'सडकमै खाउँ, सडकमै नाचौं, सडकमै रमाऔं' भन्ने मुल नारा सहित उक्त महोत्सव लेकसाइडको करिब ३ किलोमिटर क्षेत्रमा सञ्चानल गर्ने तयारीमा जुटेको रेवान पोखराका प्रथम उपाध्यक्ष एवं महोत्सव संयोजक विश्वराज पौडेलले बताए । महोत्सव यस बर्ष सडक केन्द्रित बढी खाना र विभिन्न क्षेत्रका सांस्कृतिक कार्यक्रमहरु प्रदर्शनी गरिने तयारी गरेको उनले जनाए । यस बर्ष रजत महोत्सव समेत भएकाले पहिलाको भन्दा केहि पृथक हुने बताउदै उनले नयाँ पन के कसरी दिन सकिन्छ त्यसको खोजी अभियानमा रहेको संयोजक पौडेलले



बताए । यसपटक गण्डकी प्रदेशका जिल्लाहरुलाई प्राथमिकतामा राख्दै ११ जिल्लाकै साँस्कृतीक समुह सडकमा उतार्ने योजना भएको उनले सुनाए ।

पोखराको पर्यटकीय गतिविधि चलायमान बनाउन, धेरै भन्दा धेरै स्वदेशी तथा विदेशी पाहुना पोखरा भित्र्याउन यो महोत्सव सफल रहेको पूर्व अध्यक्ष सूर्य भुजेलले बताए । विगतका वर्षहरुमा झै यस वर्ष पनि साँस्कृतिक कार्यक्रम, मौलिक भेषभुषा प्रदर्शनसँगै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय खानाको प्रदर्शन, दोहोरी गित प्रतियोगिता, झाँकी प्रदर्शन, रात्रीकालिन कन्सर्ट, बोट रेस, राष्ट्रिय भलिवल प्रतियोगिता, वेटर रेस, टग अफ वार तथा पोखराका प्रमुख गन्तब्य सहितको डकुमेन्टी प्रदर्शन गरिने पूर्व अध्यक्ष चौ बहादुर गुरुङ ले उल्लेख गरे । उनले यदि कुनै नयाँ कला संस्कृति पोखराको लागि भने नयाँ हुने छ भने त्यसलाई उच्च प्रथामिकता दिने बताए ।

सडक महोत्सव देशकै ठुलो महोत्सव भएको दाबी गर्दै पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले यस बर्ष ५ लाख पर्यटक महोत्सवमा भित्राउने दाबी गरे । यस अघिका महोत्सवमा ३ देखि ४ लाख पर्यटक भित्रिएको दाबी गर्दै उनले यस बर्ष केही भव्य र केही बृहत रुपमा गर्न लागेकोले बढी पर्यटक भित्रिने उनले दाबी गरेका हुन् । उक्त महोत्सवले पोखराको सहासिक खेल गतिविधिलाई थप प्रबर्द्धन गर्न मद्धत पुग्ने उनले जनाए । नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले उक्त महोत्सवले पोखराको पहिचान र पर्यटन प्रबर्द्धनमा टेवा पुगेको बताइन् । यसपालीको महोत्सवमा हस्तकला, चित्रकला, स्थानिय उत्पादनका बस्तु तथा सेवाको बिक्रि वितरण एवं प्रर्दशनी समेत गरिने भएको बताइएको छ ।

महोत्सवबाट बचत भएको २० प्रतिशत रकम पोखराको सौन्दर्यकरामा लगानी गर्ने भएको रेवान पोखराले जनाएको छ । उक्त महोत्सवको अवसरमा होटलहरुले बढी शुल्क लिएको गुनासो आए पनि यस बर्ष त्यसलाई न्यूनिकरण गर्न आफुहरु लाग्ने संयोजक पौडेलले बताए । रेवान पोखराले प्रशासनले अनुमति दिएको खण्डमा आतासवाजी समेत गर्ने भएको छ । उक्त महोत्सवलाई नेपाल पर्यटन बोर्ड, पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार, पोखरा पर्यटन परिषद प्रबर्द्धकमा रहेको रेवान पोखराले जनाएको छ। गोर्खा ब्रुअरी प्रा.लि.को मुख्य प्रायोजनामा उक्त महोत्सव हुने भएको हो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# राष्ट्रिय माविको हीरक जयन्तीमा एक वर्षे कार्यक्रम गर्ने

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर



स्थापनाको ७५ औ वर्ष प्रवेशको अवसरमा हीरक जयन्ती मनाउने तयारीमा जुटेको पोखरा महानगरपालिका वडा नम्बर १ पुरानो टुँडिखेल स्थित राष्ट्रिय माध्यमिक विद्यालयले २० मंसिरमा प्रभातफेरी सगै शुभारम्भ कार्यक्रम गरि हीरक जयन्तीको एक वर्षे कार्यक्रम थालनी गर्ने भएको छ।

२० मंसिरमा विद्यालय आफनो स्थापनाको ७४ औ वर्ष पुरा गरि ७५ औ वर्षमा प्रवेश गदैछ। विद्यालयले हीरक जयन्ती २० मंसिर ०८० देखि २० मंसिर ०८१ सम्म एक वर्ष विविध कार्यक्रम गरि मनाउने भएको हो। हीरक जयन्तीको शुभारम्भ र प्रभातफेरी कार्यक्रमको पुर्व सन्ध्यामा शनिबार विद्यालयमा अध्यूयन गरेका पुर्व विद्यार्थी, पुर्व शिक्षक/कर्मचारी, पुर्व विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एंव सदस्य, पुर्व शिक्षक अभिभावक संघका पदाधिकारी र सदस्य सगै सरोकारवाला बिचको भेलामा भएको छलफल पछि मुल समारोह समितिले तयार गरेको प्रभातफेरी सगै शुभारम्भ कार्यक्रमको कार्यतालिका पारित गरेको हो। भेलामा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम विक्रम राणाले हीरक जयन्तीका विविध विषयका बारेमा उपस्थितहरुलाई जानकारी गराएका थिए। प्रभातफेरी कार्यक्रम विद्यालय स्थापना भएको पोखरा ३ नदिपुर स्थित नारायण स्थान मन्दिरबाट सुरु गरिने राणाले जानकारी दिए।

प्रभातफेरी कार्यक्रमका संयोजक महेन्द्र श्रेष्ठले नदिपुरबाट सुरु हुने प्रभाफेरीमा पञ्चे बाजा सगै सरस्वतीको झाकी सगै ७५ जना विद्यार्थीहरु विभिन्न भेष भुषामा रहनेछन्। त्यसपछि विद्यालयका जग्गदाता पराजुली परिवार र विद्यालय स्थापना हुदा रहेका संचालक समितिका व्यक्तीहरुको फोटो रहनेछ। २००६ सालदेखी २०७८ सालसम्मका प्रत्येक व्याचको प्ले कार्ड सहित पुर्व विद्यार्थीहरु, विभिन्न जात जातिका झाँकी सहित नदिपुरबाट निस्केको प्रभातफेरी र्याली पालिखेचोक, तेम्रापट्टी, नालाकोमुख, भिमसेनटोल, बागबजार हुदै विद्यालय परिसर पुरानो टुँडिखेलमा आएर हीरक जयन्ती शुभारम्भ सभामा परिणत हुने भएको छ।

हीरक जयन्तीका लागि १००१ सदस्य मुल समारोह समिति, १५ सदस्य सल्लाहकार समिति, ४१ सदस्य कार्यसम्पादन समिति र विभिन्न पाँच बटा उपसमितिहरु गठन गरिएको विद्यालयका प्रधानाध्यापक ईश्वरी प्रसाद सापकोटाले जानकारी दिए। स्वास्थ्य उपसमितिको संयोजकमा डा वसन्त ताम्राकार, मञ्च व्यवस्थापनमा रमेश प्रसाद पौडेल, प्रचार प्रचारमा नारायण प्रसाद चापागाई, जलपानमा वरुण विक्रम राणा, प्रभातफेरीमा महेन्द्र श्रेष्ठ रहेका छन्। आवश्यक अन्य समितिहरु समेत गठन गदै सापकोटाले जानकारी दिए।

विद्यालय वयवस्थापन समितिका अध्यक्ष राम विक्रम राणाको अध्यक्षतामा भएको भेलामा प्रधानाध्यापक ईश्वरी प्रसाद सापकोटा, पोखरा महानगरपालिका वडा नम्बर २ का अध्यक्ष दिवसमान प्रधानाङ, विद्यालयका पुर्व विद्यार्थी, शिक्षक सगै व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका रामराज रेग्मी, पुर्व विद्यार्थी आन्दराज मुल्मी, प्रचार प्रचार संयोजक नारायण प्रसाद चापागाई, पुर्व विद्यार्थी महेन्द्र श्रेष्ठ, सुजन लम्साल लगायतले आ आफनो सुझाव दिएका थिए।

२० मंसिर २००६ मा पब्लिक मिडिल स्कुलको नामबाट पोखरा ३ नदिपुरमा संचालित विद्यालयलले २००७ मा स्थाही स्कीकृती पाएसगै राजा त्रिभुवनले एक हजार दिएपछि विद्यालयको भवन निमार्णको काम सुरु भएको थियो। नदिपुरमा भवनको जग खन्ने क्रममा जमिन भासिएपछि विद्यालय सार्नका लागि उपयुक्त जमिनको खोजी भएको थियो। सोही क्रममा रत्नाखर पराजुलीका परिवारले जग्गा उपलब्ध गराएपछि विद्यालय हालको स्थानमा आईपुगेको हो। त्यसपछि श्री ५ को सरकार र अमेरिकी सहायता नियोगबिच भवन निमार्ण सम्झौता भएको थियो। भवन निमार्णको शिलान्यास २०१३ सालमा राजा महेन्द्रले गरेका थिए।

विद्यालयबाट प्रथम पटक २०११ सालमा पाँच जनाले एसएलसी दिएकोमा चार जना उत्तिर्ण भएका थिए। २०१५ देखि २०२८ सालको नयाँ शिक्षा लागु हुनु पुर्व विद्यालयको नाम नेशनल मल्टिप्रपोज उच्च विद्यालय राखिएको थियो। हाल विद्यालयका इसिडि देखि कक्षा १२ सम्मको पढाई हुने गरेको छ। २०५४ देखि दश जोड दुईको पढाई संचालन सुरु भर्को विद्यालयका हाल ४४ जिल्लाका गरि एक हजार चार सय विद्यार्थीहरु अध्यूयनरत रहेका छन् भने ५७ जना शिक्षक, कर्मचारीहरु कार्यरत रहेको सुचना अधिकारी शिवभक्त देवकोटाले जानकारी दिए।

# मानव सेवा आश्रममा एभरेस्ट एफएमको सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर



पोखराबाट प्रशारण हुने एभरेस्ट एफएमले पोखरा-२५ हेम्जास्थित मानव सेवा आश्रमलाई १ लाख एक रुपैयाँ प्रदान गरेको छ। एभरेस्ट मिडिया हाउस प्रालिद्वारा सञ्चालित एभरेस्ट एफएमले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत यसअघि घोषणा गरेको मानव सेवा आश्रममा "एभरेस्ट एफएम" कक्ष निर्माणका लागि थप १ लाख एक रुपैयाँ प्रदान गरेको हो। एफएमको तेश्रो वार्षिकोत्सवको अवसरमा आइतवार आयोजित एक कार्यक्रमकाबिच एफएमकी अध्यक्ष कर्मकुमारी गुरुङले मानव सेवा आश्रम कास्कीका संयोजक सदिस पुनलाई रकम हस्तान्तरण गरेकी हुन्। अघिल्लो वर्ष एभरेस्ट एफएम कक्ष निर्माण गर्ने घोषणा गरेको एफएमले ५ वर्षमा सवा ५ लाख दिने प्रतिबद्धता जनाएको थियो। सोहि प्रतिबद्धता अनुरुप एफएमले दोश्रो वार्षिकोत्सवको अवसरमा अघिल्लो वर्ष पहिलो किस्ता स्वरुप १ लाख एक रुपैयाँ नै प्रदान गरेको थियो। यस वर्ष प्रदान गरेको रकम एफएमको दोश्रो किस्ता भएको एभरेस्ट एफएम तथा एभरेस्ट आवाज डटकमका सम्पादक दीपेन्द्र श्रेष्ठले जानकारी दिए। हामीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत एभरेस्ट एफएम कक्ष निर्माण गर्ने घोषणा गरेका थियौं,उनले भने,'अघिल्लो वर्ष पहिलो किस्ता बुझाएका थियौं। यो दोश्रो किस्ता हो भने बाँकी आगामी तीन वर्ष निरन्तर प्रदान गर्छौं।' उनले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत नै वार्षिकोत्सवकोसन्दर्भपारेरशनिबार रक्तदान कार्यक्रम गर्दा १८८ युनिट रगत संकलन भएकोपनि जानकारी दिए। कार्यक्रममा बोल्दै एफएमकी अध्यक्ष कर्मकुमारी गुरुङले एभरेस्ट एफएमको उद्देश्य नै सामाजिक सचेतना फैलाउँदै समाज सेवा गर्नुरहेको बताईन्। 'सोहि उद्देश्य अनुसार नै हामीले एभरेस्ट कक्ष निर्माण गरेका हौं'-उनले भनिन्।

यसअघि एफएम सञ्चालनको अवसरमा २०७७ सालमा पनि रेडियोले मानव सेवा आश्रम पोखरालाई १ लाख ५० हजार १ सय ११ रुपैयाँ प्रदान गरेको थियो भने प्रथम वार्षिकोत्सवको अवसरमा एफएमले खादरजुङ्गको एक आधारभूत विद्यालयका बालबालिकालाई न्यानो कपडा वितरण गरेको थियो।

यसैबीच, एफएमले तेश्रो वार्षिकोत्सवको अवसरमा आश्रममा आश्रित बुबाहरुलाई विहानको खानापनि खुवाएको छ। आश्रममै पकाएर आश्रित १०७ जना बुबाहरुलाई खाना खुवाएको र त्यसमा लागेको खर्च एफएमले ब्यहोरेको सम्पादक श्रेष्ठले जानकारी दिए। यसैबीच, एभरेस्ट एफएमको 'बेष्ट स्टाफ अफ दी ईयर'बाट समाचार वाचक शशी पौडेल पुरस्कृत भएका छन्। एफएमले वर्षभरी काम गरेको आधारमा छनौट गर्ने स्टाफ अफ दी ईयरबाट पौडेल पुरस्कृत भएका हुन्। एफएमको तेश्रो वार्षिकोत्सवको अवसरमा पुरस्कृत पौडेललाई नगद १५ हजार ६ सय ७५ रुपैयाँसहित दोषल्ला, माला र खादा लगाएर सम्मान गरिएको थियो। कार्यक्रममा मिडिया हाउसकी अध्यक्ष कर्मकुमारी गुरुङ, सम्पादक दीपेन्द्र श्रेष्ठ, सञ्चालक समिति सदस्यहरु हरि शर्मा गैह्रे, कृष्णप्रसाद न्यौपाने, विमलमान गुभाजु, भोलाकुमार श्रेष्ठलगायतले सम्मान गरेका थिए ।यसअघि दोश्रो वार्षिकोत्सवको अवसरमा प्राविधिक प्रमुख दीलु गुरुङ बेष्ट स्टाफ अफ दी इयरबाट पुरस्कृत भएका थिए।

# पोखरामा सम्पन्न 'फिसटेल रेसिङ कप २०२३' को उपाधि अजयले जिते

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर




पोखरामा सम्पन्न फिसटेल रेसिङ कप २०२३ को उपाधि अजय तामाङले जितेका छन्। आइतबार पोखरा रंशगशालामा सम्पन्न ३८ जना वाइकर्सहरुलाई उछिन्दै अजयले उपाधि जितेका हुन्। उनले उपाधि संगै नगद १ लाखसहित ट्रफि र प्रमाणपत्र हात पारेका छ्न्।

नेपाल रेसिङ स्पोर्टस एसोसियसनको आयोजना तथा भिआर ४६ को समन्वयमा तिन दिन सम्म भव्य रुपमा सञ्चालन भएको प्रतियोगितामा सुजन थापा मगर दोश्रो भए। उनले नगद रु ७५ हजार हात पार्दा मोहमद फरहान तेश्रो हुँदै नगद रु २५ हजारका साथमा ट्रफी र प्रमाणपत्र प्राप्त गरेका छन्।

त्यस्तै महिलातर्फ ५ जना वाइकर्स सहभागि थिए। महिलातर्फको एक मात्र उपाधि वर्षा बस्नेतले जितिन्। उनले नगद रु २० हजारका साथमा ट्रफी प्राप्त गरिन्। नेपाल रेसिङ स्पोर्टस एसोसियसनले पहिलो पटक उक्त प्रतियोगिताको आयोजना गरेको हो। प्रतियोगितामा बाइकर्सहरुले स्टन्ट गर्नुका साथै म्युजिकल शो समेत प्रदर्शनीको रुपमा आयोजना गरिएको थियो।

प्रतियोगिताका विजेताहरुलाई प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङ, राखेपका सदस्य राजेश गुरुङलगायतले ट्रफी र प्रमाणपत्र वितरण गरेका थिए। पोखरा रंगशाला भित्रको पिच सडकलाई फिसटेल रेसिङ ट्र्याकको रुपमा घोषणा गरि निरन्तर रुपमा प्रतियोगिताहरु आयोजना गर्ने नेपाल रेसिङ स्पोर्टस एशोसियसनका अध्यक्ष माइकल थापाले जनाएका छन्। उनले भने-"यो सुरुवात मात्रै हो। हामी पोखरा सहित अन्य प्रदेशमा समेत यस्तै प्रतियोगिताहरु आयोजना गर्ने गरि अगाडी बढ्दैछौं। हामीलाई सबैको सहयोगको खाँचो छ।

# विश्वविद्यालयलाई ...

व्यक्त गर्दछु। आगामी दिनमा उच्च शिक्षाको गुणस्तर कायम गर्दै विश्वविद्यालयको संस्थागत सुधारका लागि समर्पित हुन सबैलाई प्रेरणा र उत्साह प्राप्त हुने विश्वाससमेत व्यक्त गर्दछु", प्रधानमन्त्रीले भन्नुभयो।

विश्वविद्यालयका उपकुलपतिले प्रस्तुत गर्नुभएको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम एवं रजिष्ट्रारबाट प्रस्तुत बजेटले विश्वविद्यालयको समग्र शैक्षिक-भौतिक प्रगतिका साथै विकास र विस्तारमा समेत सघाउ पुग्ने प्रधानमन्त्रीको भनाइ छ। विश्वविद्यालयले राष्ट्रिय आवश्यकतालाई ध्यानमा राखेर अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्नसक्ने उच्चस्तरीय जनशक्तिको उत्पादनमा विशेष ध्यान दिनुपर्ने कूलपतिसमेत रहनुभएका प्रधानमन्त्री दाहालको भनाइ छ। विश्वविद्यालयले विज्ञान तथा प्रविधि, इञ्जिनियरिङ, व्यवस्थापन, चिकित्साशास्त्र, शिक्षाशास्त्र र कानुनका क्षेत्रमा राष्ट्रको आवश्यकता एवं अन्तर ाष्ट्रियस्तरको दक्ष जनशक्तिको उत्पादनका लागि ध्यानकेन्द्रित गरेको जानकारी पाउँदा खुसी लागेको उहाँले उल्लेख गर्नुभयो। देशमा क्रियाशील सबै विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानले बदलिँदो परिवेशअनुरूप अध्ययन, अध्यापन र अनुसन्धानको दायरालाई व्यापक बनाई पृथ्वी र मानव जातिमाथि आइपर्नसक्ने तमाम चुनौती र समस्या समाधानका लागि सोच्नुपर्नेमा प्रधानमन्त्रीले जोड दिनुभयो। "विश्वविद्यालयले आफ्ना पाठ्यक्रममा दीगो विकास, वातावरण संरक्षण, गहन अनुसन्धान र नवप्रवर्तनलाई उच्च प्राथमिकतामा राखेर व्यावहारिक, जीवनोपयोगी र गुणस्तरीय शिक्षामा जोड दिनु आवश्यक छ", प्रधानमन्त्रीले भन्नुभयो, "प्रविधिको तीव्र विकास र विस्तारले दक्ष जनशक्तिको उत्पादनले मात्र विश्वबजारमा प्रतिस्पर्धा गर्न सम्भव हुन्छ।" सैद्धान्तिक ज्ञान दिनेमात्र नभई विद्यार्थीलाई नवप्रवर्तन, जीवनोपयोगी र व्यावहारिक ज्ञान र सीप सिकाएर आत्मनिर्भर, व्यावसायिक र उद्यमशील बनाउने, नयाँनयाँ कुराको खोज, अनुसन्धान र आविष्कार गर्नसक्ने, मुलुकको विकास र समृद्धिका लागि नेतृत्वदायी भूमिका खेल्नसक्ने सिर्जनशील जनशक्ति उत्पादनमा विश्वविद्यालय केन्द्रित हुनुपर्ने प्रधानमन्त्रीको कथन छ।

"उच्च शिक्षामा विकासको गतिलाई व्यापक बनाउँदै प्राकृतिक सम्पदा तथा परम्परागत ज्ञान सीपको संरक्षण र उपयोग, पर्यटन प्रवर्द्धन र कृषि क्षेत्रमा यान्त्रिकरणको प्रयोगमार्फत देशको अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्याउनसक्ने जनशक्ति उत्पादनमा विश्वविद्यालयले केन्द्रित हुनुपर्दछ", प्रधानमन्त्रीले भन्नुभयो।


उहाँले अलैंची, चिया, रुद्राक्ष, जडीबुटी, जुट, फलफूललगायत नेपालका मौलिक उत्पादनका बारेमा समेत सूक्ष्म शोध अनुसन्धान गरेर त्यस्ता उत्पादनको वृद्धि र प्रशोधनका साथै अन्तर्राष्ट्रिय बजारसम्म पुर्‍याउने कार्यमा यस विश्वविद्यालयले गुणात्मक योगदान दिने आफूले विश्वास लिएको प्रधानमन्त्रीको भनाइ छ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।
- विदुरनीति

## सम्पादकीय

# मुढेबलको राजनिति छोड

नेकपा एमाले सचिव एवं प्रतिनिधि सभा सदस्य योगेश भट्टराई सवार गाडीमा ताप्लेजुङमा पहिचान पक्षधरले ढुंगा प्रहार गरेका छन । ताप्लेजुङ सदरमुकाम फुङलिङ्बाट फर्कने क्रममा फुङलिङ नगरपालिका–४ तोक्मेडाँडा बसपार्क नजिकै ढुंगा प्रहार भएको थियो । आइतबार ताप्लेजुङमा नेकपा एमालेले चियापान कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रम सकेर पाँचथरतर्फ फर्कने क्रममा भट्टराई सवार गाडी प्रदेश २-०१००१ च ४० नम्बरको गाडीमा पहिचान पक्षधर समूहले ढुंगा प्रहार गरेको ताप्लेजुङका प्रहरी प्रमुख डीएसपी राजन लिम्बुले जानकारी दिएका छन ।

ढुंगा लागेर भट्टराई सवार गाडीको अगाडिको सीसा फुटेको छ । 'उहाँ कार्यक्रम सकेर फर्किसक्नुभएको थियो, डेढ किलोमिटर पर होटलमा बसेका पहिचान पक्षधरले डिस्टर्ब गरे, एक जनाले परबाट गाडीमा ढुंगा हान्दा गाडीको सीसा फुटेको छ' । नेकपा (एमाले)का नेताहरु सबार गाडीमा ढुङ्गामुढा गर्ने क्रम रोकिएको छैन।पहिचानको नाममा एमालेको कार्यक्रममा अवरोध पुर्याउने र भौतिक आक्रमण हुँदा सरकारले कार्वाही नगर्दा जे गरेपनि हुन्छ भन्ने परेको छ । ढुंगा हान्नेहरुको खोजी भइरहेको डीएसपी लिम्बुले बताए पनि सरकारले पहिचानवादीलाई संरक्षण दिँदै आएको छ । कोशी प्रदेश नामाकरणको विरोधमा एमाले माथि आक्रमण हुँदै आएको छ।संविधान बमोजिम नामाकरण फेर्न सकिने हुँदा दबाबको आधारमा राजनितिक दलको गतिबिधिमा अबरोध पुर्याउन खोज्नु अराजनिक हर्कत हो ।

आइतबार दिउँसो भट्टराईको घरअगाडि पनि पहिचान पक्षधरले प्रदर्शन गरेका थिए । प्रदेश १ पुन नामांकन संयुक्त संघर्ष समितिले कोशी प्रदेश नामको खारेजीको माग गर्दै मुढेबलको आन्दोलन गरिरहेको छ । यसअघि एमाले अध्यक्ष केपी शर्मा ओली सवार गाडीमा आक्रमण भएको थियो।सरकारले विपक्षी दलका नेतामाथि आक्रमण हुँदा कार्वाही नगरेर हिँसालाई प्रोत्साहित गरेका कारण अराजकता बढ्दै गएको छ।सरकारको अकर्मण्यताका कारण परिवर्तन विरोधीको मनोबल बढेको छ।गणतन्त्र विरोधीहरु सक्रीय हुन थालेका छन ।

यसअघि एमाले प्रदेश सांसद तिलकुमार मेन्याङवो, माओवादी नेता इन्द्रबहादुर आङ्वो सवार सवारीमा पनि पहिचान पक्षधर कार्यकर्ताले आक्रमण गरेका थिए । सांघातिक प्रतिवादमा नओर्लनुस् भनेका भट्टराईको गाडीको सीसा फुटाएर अराजनिक चरित्र देखाएका छन।प्रदेश नामकरणको विषयमा प्रदेशसभा बाहिर विवाद गरेर काम छैन । कोशी नामकरणको विषय प्रदेशसभाको हो । अन्त छलफल वा विवाद गरेर काम छैन प्रदेश सभामा बहस नगरी सांघातिक आक्रमण गर्नु र एकोहोरो आक्रमणमा ओर्लिनु सरकारको ढाडसका कारणले हो । पहिचानलाई लिएर उठेका आवाजलाई प्रदेशसभामा वैधानिक ढंगले राख्ने अधिकारको सदुपयोग गरेर मात्र जनताको समर्थन पाउन सकिन्छ । सरकारले सबै राजनितिक दलले आआफ्ना गतिबिधि गर्न पाउने वातावरण सरकारले बनाउन नसके मुढेबलको राजनिति हावी हुनेछ ।

# बहुवर्षीय ठेक्काका लागि ६८ आयोजना छनोट

**रासस**
म्याग्दी, १० मंसिर

गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले चालु आर्थिक वर्ष २०८०/८१ मा बहुवर्षीय ठेक्का लगाउन ६८ योजना छनोट गरेको छ ।

म्याग्दीको बेनी नगरपालिका-५ गाजनेमा रहेको जगन्नाथ मन्दिरको आइतबार भएको उद्धाटन कार्यक्रममा मन्त्री जुग्जालीले सडकका ३५ र सडक पुलका ३३ वटा योजनालाई बहुवर्षीय ठेक्का लगाउन सिफारिस गरिएको जानकारी दिनुभयो । "२०७४/७५ मा ठेक्का लागेका अधिकांश योजना यही वर्ष सकिँदैछन् । सम्पन्न हुन नसक्ने योजनाको ठेक्का तोड्ने प्रक्रिया अघि बढाएका छौँ", उहाँले भन्नुभयो, "यस वर्ष सडक र सडक पुलका ६८ वटा नयाँ योजनाको बहुवर्षीय ठेक्का लगाउन मन्त्रालयले निर्णय गरिसकेको छ ।" मन्त्री जुग्जालीले चालु आवमा प्रत्येक निर्वाचन क्षेत्रमा रु पाँच/पाँच करोड बराबरको सडक आयोजनाको पनि बहुवर्षीय ठेक्का लगाउने तयारी गरेको जानकारी दिनुभयो । चालु आवमा विनियोजन भएको बजेटलाई कुल अनुमानित लागतको २० प्रतिशत मानेर स्रोत सुनिश्चिततन र बहुवर्षीय ठेक्कामार्फत कार्यान्वयनको तयारी गरेको मन्त्री जुग्जालीले जानकारी दिनुभयो । म्याग्दीमा रु पाँच करोड बजेट विनियोजन भएको दरवाङ-मुना-ढोरपाटन सडकलाई रु २५ करोड, रु चार/चार करोड बजेट रहेको दरवाङ-बिम-दिच्याम र बेनी-तोरीपानी हुँदै पाखापानी सडकलाई रु २०/२० करोडको स्रोत सुनिश्चितता गरेर बहुवर्षीय ठेक्का आह्वानको तयारी भएको छ । रु दुई/दुई करोड बजेट रहेको दरवाङ-अदिभारा-डाडागाउँ-सोले-तमान-बुर्तिवाङ, हाँडेभिर-बगरफाँट-दूधेखोला-हल्लेगौडा-डोलेमुसुङ-बाग्लुङ र पखेर-बरंजा सडकका लागि पनि रु १०/१० करोड बजेटको स्रोत सुनिश्चितता भएको मन्त्री जुग्जालीले बताउनुभयो । म्याग्दीका छ वटा स्थानीय तहको ४५ मध्ये धवलागिरि गाउँपालिकाको वडा नम्बर १ मा पर्ने गुर्जा मात्र सडक सञ्जालमा जोडिएको छैन ।

गुर्जालाई सडक सञ्जालमा जोड्न प्रदेश, सङ्घीय सरकार र गाउँपालिकाले रु दुई/दुई करोड बजेट विनियोजन गरेका छन् । म्याग्दीको धवलागिरि गाउँपालिका-२ स्थित दरखोला र मालिका गाउँपालिका-७ को शिवरात्री खोलामा मोटरेबल पुलको योजना बुहवर्षीय ठेक्का लगाउन छनौट भएको मन्त्री जुग्जालीले बताउनुभयो । मालिका गाउँपालिका-३ र ४ को सिमाना अदिभारा र बेनी नगरपालिका-४ र मङ्गला गाउँपालिकाको वडा नम्बर ३ अर्चेखोलामा मोटरेबल पुल निर्माणको ठेक्का सम्झौता भइसकेको छ ।

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश, तनहुँ जिल्ला साविक सुन्धारा गा.वि.स वडा न ८ हाल घिरिङ गाउँपालिका वडा नं २ बस्ने भारतीय भू.पू.सै.नं ५२४५११४डब्लु. दर्जा हवल्दार, पल्टन २/३ जि.आर का यमबहादुर थापाको भारतीय corrigendum PPO No S/Corr//6th CPC/075658/2015 मा श्रीमतीको नामथर मिना कुमारी मात्र उल्लेख भएको तर नागरिकता प्रमाण पत्रमा नामथर मिना कुमारी थापा उल्लेख भएको हुँदा नागरिकता प्रमाण पत्र अनुसार corrigendum PPO मा नामथर संशोधन गरिदिनु हुन भनी घिरिङ गाउँपालिका २ नं. वडा कार्यालयको च.नं.१००६, मिति २०८०।०३।१७ को पत्रबाट लेखी आएकोले सोही व्यहोरा सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०८/१०

यस कार्यालयबाट मिति २०७१/०६/१० मा कास्की जिल्ला पोखरा ०४ कास्कीमा संचालन गर्ने गरि पोखरा २१ कास्की निवासी बसन्त सुबेदीको नाममा दर्ता भएको फर्म दर्ता नं. १०१५८/०७१/०७२ (४०८) को सिद्धार्थ कम्प्यूटर एण्ड इलेक्ट्रोनिक रिपेयरिङ्ग नामक फर्मको प्रोप्राईटरले फर्म संचालन गर्न नसक्ने भएकाले मिति २०८०/०८/१० मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# कालीगण्डकी करिडोर : बेनी-गलेश्वर खण्डमा कालोपत्र गर्न थालियो

**रासस**
म्याग्दी, १० मंसिर

उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर सडक योजनाअन्तर्गत म्याग्दीको बेनी-गलेश्वर खण्डमा कालोपत्र थालिएको छ ।

कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडकअन्तर्गत म्याग्दीको बेनी नगरपालिका-८ कालीपुलबाट वडा नं ९ गलेश्वर जोड्ने बेनी-गलेश्वर खण्डमा शनिबारदेखि बिटुमिन बिछ्याउन सुरु गरिएको हो । बेनी-जोमसोम-कोरलासडकयोजनाकाइन्जिनियर अच्युतविलास पन्तले डिबिएसडी प्रविधिको कालोपत्र गर्न पहिलो चरणमा प्राइम कोड (बिटुमिन) बिछ्याउन थालिएको जानकारी दिनुभयो ।

"प्राइमकोर्ड बिछ्याएको २४ घण्टापछि चिप्ससहित पहिलो चरणको कोड बिछ्याइन्छ", उहाँले भन्नुभयो, "दोस्रो चरणमा सेकेण्ड कोड बिछ्याएपछि डिबिएसडी पिच पूरा हुन्छ ।" दुई किलोमिटर एक सय दुई मिटर सडक कालोपत्र गर्न मङ्गलादेवी सुवास कन्ट्रक्सन प्रालिले भ्याट/पिएससहित रु १२ करोड ७५ लाख ९४ हजार चार सय ३६ मा २०७९ पुस १७ गते ठेक्का सम्झौता गरेको थियो । दुई वर्षमा सम्पन्न गर्ने सम्झौता भए पनि लक्ष्यअघि नै सम्पन्न गर्ने तयारीसहित उपकरण, निर्माण सामग्री र मजदुर परिचालन गरेको निर्माण कम्पनीका सञ्चालक सुवासचन्द्र कार्कीले बताउनुभयो ।

सडक फराकिलो बनाउने, पर्खाल, नाली, चारवटा कल्भर्ट, सबबेस, बेस र दुई सय मिटर आरसिसी ढलानपछि कालोपत्र थालिएको हो । "गत असार महिनामै बेस राख्न र कालोपत्र गर्नेबाहेकका सबै काम सकिएको थियो", उहाँले भन्नुभयो, "सात दशमलव पाँच मिटर चौडाइका दरले कालोपत्र गर्ने काम अबको एक महिनाभित्र सम्पन्न गर्ने लक्ष्य छ ।" यो सडक कालोपत्र भएपछि बेनी नगरपालिकासहित रघुगङ्गा र अन्नपूर्ण गाउँपालिका, मुस्ताङवासी र घुम्न आउने पर्यटकलाई आवतजावतमा सहज हुने छ । मुक्तिनाथ प्रवेशद्वारका रूपमा रहेको यो सडकखण्डलाई समयमै सम्पन्न गर्न आयोजनाका साथै स्थानीयरूपमा नियमित अनुगमन, निरीक्षण र समन्वय गरिएको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताउनुभयो ।

"बेनी-गलेश्वर सडक आयोजनामा छोटो समयमा हासिल भएको प्रगतिले ढिलासुस्ती गर्ने निर्माण व्यवसायीलाई चुनौती बनेको छ", उहाँले भन्नुभयो, "निर्माण व्यवसायीको इच्छाशक्ति, जनशक्ति, उपकरण परिचालन व्यवस्थित हुने, निर्माण सामग्रीको पर्याप्त व्यवस्थापन गर्ने तथा सरोकारवालाले नियमनसँगै सहजीकरण गर्ने हो भने ढिलासुस्ती हटाउन सकिने सन्देश दिएको छ ।"

करिडोरअन्तर्गत ठेक्का लागेका खण्डमध्ये सबभन्दा छिटो, छोटो समयमा धेरै काम गरेको खण्ड बेनी-गलेश्वर रहेको बेनी-जोमसोम-कोरला सडक योजनाको कार्यालयले जनाएको छ । दुई सय दुई किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडकको सातवटा प्याकेजको निर्माण सकिएको छ ।

# ठेक्का रद्दको चेतावनीपछि काममा फर्किए ठेकेदार

**रासस**
बागलुङ, १० मंसिर

मध्यपहाडी पुष्पलाल लोकमार्गको बागलुङ सदरमुकाम खण्ड निर्माणको जिम्मेवारी पाएको निर्माण व्यवसायी लामो समयपछि काममा फर्किएको छ ।

राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत बागलुङमा पर्ने एक सय ४२ किलोमिटर सडकमध्ये बागलुङ सदरमुकाम खण्डमा मात्रै सडक कालोपत्र गर्न बाँकी रहेको छ । बागलुङबाट बिहुँसम्मको २५ किलोमिटर सडक दुई भागमा बाँडेर ठेक्का लगाइएको थियो ।

बागलुङ बजारबाट अछेते हुँदै बिहुँ टापुसम्मको १३ किलोमिटर र बिहुबाट घोडाँबाधेसम्मको १२ किलोमिटर सडक कालोपत्रका लागि आठ वर्षअघि ठेक्का लगाइएको भए पनि अहिलेसम्म कालोपत्र सम्पन्न हुनसकेको छैन । बिहुँबाट घोडाँबाधेसम्मको १२ किलोमिटर सडकको जिम्मा पाएको सूर्य कन्ट्रक्सन काममा नफर्केपछि ठेक्का रद्द गरिएको र बागलुङ बजारबाट बिहुँसम्मको १३ किलोमिटर सडक निर्माणको जिम्मा पाएको भारत सिद्धिसाई ठेक्का रद्दको चेतावनीपछि काममा फर्किएको मध्यपहाडी पुष्पलाल लोकमार्ग पर्वतका सूचना अधिकारी इन्जिनयिर पवन सुवेदीले जानकारी दिनुभयो ।

उहाँका अनुसार दुवै निर्माण व्यवसायीलाई ठेक्का रद्दका लागि सूचना प्रकाशित गरेपछि तल्लो खण्डको निर्माण व्यवसायी लामो समयपछि काममा फर्केको छ । "बिहुँबाट घोडाबाँधेसम्मको ठेक्का सम्झौता रद्द भइसक्यो, बागलुङ बजारबाट बिहुँसम्मको १३ किमी सडकको निर्माणसमेत अलपत्र भएपछि ठेक्का रद्दका लागि सूचना प्रकाशित गरेका थियौँ", सूचना अधिकारी सुवेदीले भन्नुभयो, "तल्लो खण्डमा अन्तिम चेतवानीपछि निर्माण व्यवसायी काममा फर्केको एक महिना भयो, अहिले अछेते बजारबाट बिहुँतर्फको सडकमा कालोपत्रका लागि ग्राभेल गर्ने र बाँकी रहेको स्थानमा पर्खाल लगाउने काम भइरहेको छ ।"

काममा फर्केपछि एकपटक अवसर दिन लागिएको जनाउँदै उहाँले यसपटक अछेते बजारबाट साढे चार किमीमाथि बिहुँसम्म कालोपत्र गर्ने गरी काम भइरहेको बताउनुभयो । उक्त निर्माण व्यवसायीले सदरमुकाबाट अछेते बजारसम्म पहिल्यै कालोपत्र गरिसकेको छ । निर्माण कम्पनी काममा फर्केपछि अहिले उक्त खण्डमा कालोपत्र सम्पन्न हुनेमा स्थानीय आशावादी छन् ।

विकास निर्माणमा लापरवाही देखिएको मध्यपहाडी राजमार्गको उक्त खण्डमा असारअघि नै कालोपत्र सक्न निर्माण कम्पनीलाई निर्देशन दिइएको आयोजना कार्यालयले जनाएको छ । मध्यपहाडी पुष्पलाल लोकमार्गअन्तर्गत बागलुङमा पर्ने एक सय ४२ किलोमिटरमध्ये २५ किलोमिटर सडकखण्ड कालोपत्र सम्पन्न हुन सकिरहेको छैन भने अन्य सडक कालोपत्र भइसकेर हस्तान्तरणको प्रक्रियामा छ ।

उपल्लाचौरबाट१३किलोमिटरसडकको भारत/सिद्धिसाई जेभीसँग २०७३ माघमा दुई वर्षमा सक्ने गरी ठेक्का सम्झौता गरिएको थियो । अहिलेसम्म पाँचपटक म्याद थप गर्दासमेत सम्पन्न हुनसकेको छैन ।

यस्तै बिहुँबाट घोडाबाँधेसम्मको १२ किमी सडक कालोपत्रका लागि २०७२ माघमा दुई वर्षमा कालोपत्र सक्ने गरी सूर्य कन्ट्रक्सनसँग ठेक्का सम्झौता गरिएकामा पाँचपटक म्याद थप्दासमेत सम्पन्न नभएपछि ठेक्का रद्द गरेर नयाँ ठेक्का प्रक्रियामा गएको छ ।

# वैदेशिक रोजगारीमा ठगिएका १९ जनाको रकम फिर्ता

**रासस**
तनहुँ, १० मंसिर

सुरक्षित आप्रवासन परियोजना (सामी) को पहलमा वैदेशिक रोजगारको सिलसिलामा ठगिएका तनहुँका १९ जनालाई रकम फिर्ता गरिएको छ ।

आर्थिक वर्ष २०७९/८० मा दर्ता भएका ६२ वटा मुद्दामध्ये १९ जनाको ठगिएको रकम फिर्ता गराउन परियोजना सफल भएको हो । रु ३३ लाख ८० हजार रकम पीडित व्यक्तिलाई फिर्ता गराइएको सामी कार्यक्रमकी परामर्शकर्ता गोमा तिवारीले जानकारी दिनुभयो ।

त्यसैगरी करार उल्लङ्घन गरेका वा सम्झौताअनुरुप काम गर्न नपाएका चौबिस घटनामध्ये २३ वटाको सफल कार्य भएको छ । एका दुई घटनाको प्रमाणविहीन रहेकाले प्रक्रिया अघि बढाउन नसकिएको उहाँले बताउनुभयो । सम्झौताअनुरुप काम नलगाई अन्य काममा पठाइएका व्यक्तिलाई स्वदेश भिकाइ रु पाँच लाख क्षतिपूर्तिबापतका रुपमा उपलब्ध गराइएको छ । वैदेशिक रोजगारको सिलसिलामा मृत्यु भएका १८ जनाको शवमध्ये नौ जनाको शव नेपाल भिकाउन सफल भएको सो परियोजनाले जनाएको छ । मृतकका परिवारलाई रु दुई करोड ९१ लाख चौरासी हजार दुई सय ६१ आर्थिक सहायताका लागि सहजीकरण गरिएको छ । "श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएका व्यक्ति दुर्घटनामा परी घाइते भएका ३४ जनाले रु ५० हजारका दरले आर्थिक सहयोग पाएका छन्", उहाँले भन्नुभयो, "वैदेशिक रोजगारीमा रहेका परिवारका सदस्यले उक्त सहायता रकम पाउनेछन् ।" दुर्घटनामा परी घाइते तथा अपाङ्गता भएको अवस्थामा अवस्था हेरी रु एक लाखदेखि रु सात लाखसम्म पाउने व्यवस्था रहेको परामर्शकर्ता तिवारीले बताउनुभयो । "उक्त आवमा रु ५५ लाख ८५ हजार आर्थिक सहायता पाएका छन्", उहाँले भन्नुभयो, "दुई जनाको मेडिकल फेल भएकाले रु ५० हजारका दरले रु एक लाख प्राप्त गरेका छन् ।"


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाब |
| वृष | : मन चञ्चल | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# सेवानिवृत्त कृषि प्रसार अधिकृत थापाको सुन्तला पौरख

**पोखरापत्र संवाददाता**
दमौली, १० मंसिर

तनहुँको म्याग्दे गाउँपालिका-२ उमाचोक निवासी रामबहादुर थापा पछिल्लो समय सुन्तला खेतीमा व्यस्त हुनुहुन्छ। कृषि प्रसार अधिकृतका रूपमा सेवानिवृत्त भएदेखि उहाँ पूर्णरूपमा यस खेतीमा लागिरहनुभएको छ।

छपन्न वर्षीय थापाले ५६ रोपनी क्षेत्रफलमा व्यावसायिकरूपमा सुन्तला खेती गर्नुभएको हो। चार सय बोट सुन्तलाबाट बर्सेनि रु २५ लाखभन्दा बढी आम्दानी भइरहेको उहाँले जानकारी दिनुभयो।

सुन्तला खेतीमार्फत मनग्य आम्दानी गर्दै आउनुभएका थापा कृषिविज्ञ पनि हुनुहुन्छ। उहाँले भन्नुभयो, "३५ वर्ष सरकारको कृषि प्रसार अधिकृतका रूपमा काम गरेर सेवानिवृत्तपश्चात पुर्ख्यौली पेसा सुन्तला खेतीमा आफूलाई समाहित गरी निरन्तर अगाडि बढेको छु। सुन्तला खेतीबाट मनग्य आम्दानी भइरहेको छ, यसमा सन्तुष्ट छु।" यस वर्षको सुन्तलाको ठेक्का रु २५ लाखमा काठमाडौँका व्यापारीलाई दिएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "उमाचोकका किसानले व्यापारीलाई सिधै ठेक्कामा सुन्तला बिक्री गर्ने गरेका छन्। यसले गर्दा सहज भएको छ।" थापाले सुन्तला खेतीबाटै कमाएको रकमले छोराछोरी विदेश पठाउनुभएको छ।

उमेर अवस्थाका कारण पेसालाई निरन्तरता दिन कठिन रहेको बताउँदै उहाँले भन्नुभयो, "छोराछोरी स्वदेश फर्किएर यही पेसा निरन्तरता गरिदिएहुन्थ्यो भन्ने लाग्छ।" तीन फिटको खाल्डो खनेर, पाँच मिटरको दूरीमा बिरुवालाई मलजल गरी सार्न सके छिटो उत्पादन हुनसक्ने उहाँको सुझाव छ। उहाँले भन्नुभयो, "कृषिमै काम गरेकाले यसबारेमा मलाई अलि बढी जानकारी छ। किसानलाई पनि सुन्तला खेतीको तरिकाबारे सिकाउने गरेको छु।" जिल्लाका अन्य ठाउँमा गितसिला नामको कीरा तथा ग्रिनिङबाट बोट नष्ट भए पनि आफूले आजसम्म बोट रोगमुक्त बनाउन सकेको उहाँको भनाइ छ। जिल्लामा गत वर्ष रु २९ करोडको सुन्तला उत्पादन भएको थियो। जिल्लामा उत्पादित अधिकांश सुन्तला जिल्ला बाहिर निर्यात हुने गरेको छ। त्यस वर्ष नौ हजार छ सय ४५ मेट्रिक टन सुन्तला उत्पादन भएको कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ। जिल्लाका आठ हजार पाँच सय ७० हेक्टर क्षेत्रफलमा सुन्तला खेती विस्तारको सम्भावना रहेको छ।

कार्यालयले सुन्तला खेती किसानलाई बगैँचा व्यवस्थापनमा सहयोग गर्दै आएको छ। तनहुँमा उत्पादित अधिकांश सुन्तला काठमाडौँका व्यापारीले लैजाने गरेका छन्। सुन्तला खरिदका लागि व्यापारी बगैँचासम्म पुग्ने गरेका छन्। काठमाडौँका अलवा पोखरा, नारायणगढलगायतका ठाउँमा यहाँको सुन्तला बिक्री हुने गरेको छ। यसका साथै जिल्लाकै दमौली, दुलेगौडा, खैरेनीटार, भिमादलगायतका ठाउँमा समेत यहाँको सुन्तला बिक्री हुने गरेको किसान बताउँछन्।

ज्ञान केन्द्रले चालु आर्थिक वर्ष २०८०/८१ मा सुन्तला खेतीमा सहयोग गर्न रु एक करोड बजेट विनियोजन गरेको छ। कार्यालयले किसानलाई बगैँचा व्यवस्थापनका लागि उक्त रकम सहयोग गर्ने जनाएको छ।

# सूर्योदय हेर्ने पर्यटकले मानहुँकोटका होटल खचाखच

**पोखरापत्र संवाददाता**
तनहुँ, १० मंसिर



सूर्योदय र सूर्यास्त हेर्ने पर्यटक बढेपछि व्यास नगरपालिका-५ स्थित मानहुँकोटका होटल खचाखच भएकाछन्। सूर्योदयपछि देखिने बादलको दृश्य हेर्न दुई दिन अघिदेखि नै होटल बुक हुने गरेको स्थानीय होटल व्यवसायीको भनाइ छ।

असोजदेखि आन्तरिक पर्यटकको चाप बढेपछि होटल खचाखचभरिएकोमानहुँकोटस्थित होटल भ्यू टावरका सञ्चालक प्रेम रावतले बताउनुभयो। आफूहरूसँग रहेको सात वटा कोठा र दुई वटा त्रिपाल दुई तीन दिन पहिल्यै बुक भइरहेको उहाँले सुनाउनुभयो। "मानहुँकोटमा अहिले पर्यटकको चाप बढ्दा होटल पनि खचाखच भरिएको छ", रावतले भन्नुभयो, "पर्यटकीय याममा दुई/तीन दिन पहिले नै होटल बुक हुने गर्दा हामीलाई पनि राहत मिलेको छ।" पर्यटकको चाप बढेपछि मानहुँकोटमा १० वटा होटल सञ्चालनमा आइसकेका छन्। धेरै पर्यटक मानुहुँकोट आउन भन्ने उद्देश्यले आफूले समूहमा आउनेलाई लक्षित गरी एक रात बास, दुई छाक खाना, नास्ता र चियासहित प्रतिव्यक्ति एक हजार एकसय कायम गरेको होटल मानहुँकोट एण्ड रिसोर्टका सञ्चालक पूर्ण श्रेष्ठले बताउनुभयो। आफूले तीन वटा त्रिपालबाट मानहुँकोट आउने पर्यटकलाई सेवा दिएको मानहुँकोट होटलका सञ्चालक ३० वर्षीय मिलन थापामगरले बताउनुभयो। आफूले प्रतित्रिपालको शुल्क प्रतिरात रु एक हजार लिने गरेको बताउनुभयो। "मैले त्रिपालमा राखेर पर्यटकलाई सेवा दिँदै आएको छु, एउटा त्रिपालमा चार जनासम्म सुत्न मिल्छ",उहाँले भन्नुभयो, "आन्तरिक पर्यटकको चाप बढेपछि होटलको क्षमता विस्तार गर्ने योजनामा छु।"

आफूहरूले दैनिक ५० जनासम्म राख्ने गरी होटल सञ्चालनमा ल्याएको अम्रेला होटल एण्ड रिसोर्ट सञ्चालक सुनिल सुनामले बताउनुभयो। होटलमा दैनिक दुई/तीन सय जनालाई सेवा दिइरहेको उहाँको भनाइ छ।

आफूलाई मानहुँकोटबाट देखिने सूर्योदय र बादलको दृश्य निकै आकर्षक लागेको धरानबाट आउनुभएकी ५२ वर्षीया निरु राईले बताउनुभयो। "बादलको दृश्य पनि यस्तो राम्रो देखिएला भन्ने मैले सोचेको थिइन, अझै यसको प्रचारप्रसार गर्न सके सबैलाई मानहुँकोटको बारेमा जानकारी हुने थियो", उहाँले भन्नुभयो।

मानहुँकोटको विकासका लागि आफूहरूले पर्खाल निर्माणलगायतको काम गरिरहेको व्यास नगरपालिका वडा नम्बर-५ का वडाध्यक्ष विष्णुकुमार श्रेष्ठ (हिमाल)ले बताउनुभयो। समुद्री सतहबाट करिब एक हजार एक सय मिटरको उचाइमा रहेको मानहुँकोट तनहुँको दमौलीबाट करिब सात किलोमिटरको यात्रामा पुग्न सकिन्छ। जाडोको मौसममा अन्य दिन दुई/तीन सय जना र बिदाको दिन आठदेखि नौ सय जनासम्म मानहुँकोट पुग्ने गरेका छन्।

# हलगोरु पाल्ने किसानलाई अनुदान

**पोखरापत्र संवाददाता**
पर्वत, १० मंसिर

बढ्दो युवा शक्तिको पलायनसँगै ग्रामीण क्षेत्रमा गोरु पाल्ने प्रचलन हराउँदै गएको छ। पछिल्लो समय गाउँ-गाउँमा मिनिटिलरको प्रयोग बढ्दै गएको अवस्था पनि छ। छोटो समयमै धेरै काम गर्न सकिने, पालनपोषण गर्ने झन्झट पनि नहुने र सरकारी निकायले पनि अनुदानमा मिनिटिलर उपलब्ध गराउन थालेकाले गोरु पाल्ने प्रचलन हराउँदै गएको हो।

स्थानीय जलजला गाउँपालिकाले भने गोरु पालनतर्फ किसानलाई आकर्षण गर्ने उद्देश्यले अनुदान दिन थालेको छ। कृषिमा यान्त्रिकिकरण बढ्दै जाँदा गोरु लोप हुन लागेको र यसबाट सामान्य आर्थिक अवस्था भएका किसान मारमा पारेकाले गाउँपालिकाले यो योजना लागू गर्न लागेको हो। मिनिटिलर किन्न नसक्ने तथा किनेकाहरूका घरमा पनि जनशक्ति अभावले नचलाउने समस्याले किसनाले खेती लगाउन नै छोड्ने स्थिति देखिएकाले गोरु पाल्ने किसनालाई प्रोत्साहन गर्न प्रतिगोरु दुई हजारका दरले अनुदान उपलब्ध गराउन लागिएको गाउँपालिकाले जनाएको छ। सो अनुसार हलगोरु पाल्ने किसानलाई भने रु १५ हजार अनुदान दिइने भएको छ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत फणिन्द्रप्रसाद आचार्यका अनुसार आर्थिक वर्ष २०८०/८१ को पशुसेवा शाखातर्फ स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत गाउँपालिकाका चार सय गोरुका लागि कूल रु आठ लाख अनुदान वितरण गरिने भएको छ। "यसका लागि गाउँपालिकाका इच्छुक पशुपालक किसान, समूह, फार्म, सहकारी आदिले सूचना प्रकाशन भएको ३५ दिनभित्रमा फाराम भरेर बुझाउनुपर्नेछ," उहाँले भन्नुभयो, "यो कार्यक्रमका लागि गाउँपालिकामा चालु आर्थिक वर्षमा रु आठ लाख बजेट छ गरिएको छ। स्थानीय गाईगोरु संरक्षण कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९ अनुसार नै यो कार्यक्रम सञ्चालन गरिने प्रमुख प्रशासकीय अधिकृत आचार्यले बताउनुभयो। स्थानीय गाईगोरु पाल्ने किसानको सङ्ख्या वृद्धि गर्न तथा गाईगोरु पालेका किसानको क्षति कम गर्नका लागि गाउँपालिकाका चार सय गाईगोरुका लागि निःशुल्क पशु बीमा गर्ने योजना पनि सँगसँगै लागू गर्ने गाउँपालिकाको तयारी रहेको र यसका लागि कूल रु तीन लाख छुट्याइएको पालिकाले जनाएको छ। गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले स्थानीय जातका गाई पाल्ने क्रम हराउँदै जाँदा गाई नै लोप हुने अवस्था रहेको तथा स्थानीयवासीले गाई नै नपालेपछि गोरु उत्पादनसमेत हुन छाडेकोले यो कार्यक्रम सुरु गरिएको बताउनुभयो। व्यावसायिक किसानलाई गाउँपालिकाले नै मिनिटिलर उपलब्ध गराए पनि पहाडी क्षेत्रका भिराला र बाटोको सुविधा नभएका ठाउँमा मिनी टिलर लैजान नसक्दा पाखा, छेउछाउ र भीर नजिकैका जग्गा बाँझो रहन थालेको उहाँको भनाइ थियो। गोरु पालेपछि प्राङ्गारिक मल पनि उत्पादन हुने र यसबाट बालीनालीको उत्पादन पनि बढ्ने भएकाले गोरु पालनमा प्रोत्साहन गरिएको हो। एउटा टोलमा एक जनाले एक हल गोरु पालेर बस्यो भने खेती लगाउनेलाई पनि सस्तो, जग्गा बाँझो पनि नरहने र गोरु पाल्नेले पनि रोजगारी पाउने भएकाले हलगोरु भएकालाई रु १५ हजार अनुदान दिने योजना बनाइएको अध्यक्ष आचार्यले बताउनुभयो।

एक हल गोरुलाई वार्षिक रूपमा रु ३०/४० हजार अनुदान दिनसक्ने हो भने ती गोरुको प्रयोग हुँदा कहीँका जग्गा पनि बाँझो नरहने भन्दै उहाँले हल गोरु पाल्नेको फोटो नै गाउँपालिकामा टाँसेर राख्ने बारेमा पनि सोच बनाइएको बताउनुभयो। मिनिटिलरमा निर्भर हुँदा नेपालको धन बाहिरिएकोले पनि यसमा सबैको ध्यान जानुपर्ने अध्यक्ष आचार्यको सुझाव थियो। व्यावसायिकरूपमा खेती गर्ने र ठूला गरा भएकाको लागि मिनिटिलर ठिक भए पनि यस्ता उपकरण लैजान नसक्ने विकट क्षेत्रमा जमिन बाँझो हुँदै आएको छ। गाईगोरु पाल्ने किसानलाई गत आर्थिक वर्षमा रु एक हजार अनुदान दिएकामा यो वर्ष रु दुई हजार दिन लागिएको हो। गाउँपालिकामा कम्तीमा पनि ५० हल गोरु भएमा बाँझो जमिन घट्दै जाने अध्यक्ष आचार्यको भनाइ थियो। यस अघि गाउँपालिकाले स्थानीय जातका गाईपालन गर्ने किसानलाई पोषण खर्चस्वरुप वार्षिक रु दुई हजार पाँचसय दिँदै आएको छ।

# रसिलो सुन्तला किसानका अमिलो व्यथा

**रासस**
लमजुङ, १० मंसिर

बेँसीशहर नगरपालिका-११ स्याउत गाउँका सुरेशबाबु पाण्डेले करिब २० वर्ष अघिदेखि चार सय रोपनी जमिनमा सुन्तलाखेती गर्दै आउनुभएको थियो। उहाँको बारीमा पाँच सय बोटका सुन्तलाले बर्सेनि रु तीन लाखदेखि रु पाँच लाखसम्म आम्दानी हुने गर्दथ्यो। केही वर्षदेखि सुन्तलाका बोट मर्दै जाने क्रममा यतिबेला रोगले सबै सखाप भइसकेको छ। किसान पाण्डेले भन्नुभयो, "अहिले त परिवारले खाने सुन्तला पनि छैन।"

सुन्तला सखाप भएपछि धान र मकैखेती गर्न थालेको उहाँको भनाइ थियो। पाण्डेले भन्नुभयो, "त्यतिबेला सुन्तला बिक्री गरेर परिवारको खर्च टार्न सहज भएको थियो अचानक रोग लागेर मर्दै जाँदा बगैँचा नै सखाप भयो। पहिला आफैले बिक्री गरिन्थ्यो तर अहिले आफैले अरुसँग किनेर सुन्तला खानुपरेको गुनासो उहाँले गर्नुभयो।" त्यस्तै सोही गाउँकै भगवती पन्तको सुन्तलाबारी पनि अहिले सखाप भएको छ। उहाँले भन्नुभयो, "करिब ५० वर्ष अघि स्याउत गाउँमै पहिलो सुन्तलाखेती हामीले गरेका थियौँ। तेह्र रोपनी जग्गामा छ सय वटा सुन्तलाका बोट लगाएका थियौँ, फल राम्रौ दिन्थ्यो। बर्सेनी रु छ/सात लाख आम्दानी गर्दै बालबच्चा पढाउन र घरखर्च चलाएर पनि बचत हुने गर्ने गरेका थियौँ।"

पहिलो त्यतिका बोटबाट त्यत्रो रकम आम्दानी हुन्थ्यो अहिले त ५०/६० वटा बोट छन् त्यही पनि मसिना मसिना दाना फलेको छ, यसवर्ष ७०/८० हजारसम्म आइहाल्छकी पन्तले भन्नुभयो। कति दुःख गरेर लगाएइको सुन्तलाखेती नासिँदा दुःख लागेको छ। सुन्तला नभए पनि कागती हुन्छ की भनेर तीन वर्षअघि बीस हजार तिरेर एकसय वटा कागतीको बिरुवा सारेकामा गतवर्ष सबै बिरुवा मरेको उहाँले सुनाउनुभयो।

रमेशराज पन्तको पनि उस्तै समस्या छ। विगतमा धेरै वर्षसम्म सुन्तलाबाटै वार्षिक रु चार/पाँच लाखसम्म आम्दानी गर्नुभएको थियो। विसं २०३६/३६ मा एक हजार पाँच सय वटा बिरुवाबाट सुन्तलाखेती गर्दै विसं २०४० देखि उत्पादन गर्दै बर्सेनी रु पाँच लाखभन्दा बढी आम्दानी हुने गरेको उहाँले सुनाउनुभयो। "विसं २०६० सम्म लगाइएको सुन्तलाले गाउँ नै ढाक्ने गर्थ्यो, फागुन महिनासम्म पनि सुन्तला टिपेर भ्याउन गाह्रो हुन्थ्यो तर अहिले ३०/४० वटा बोट धेरै स्याहारसुसार र मलजल गरेर बचाएर राखेको छु, यसवर्ष करिब रु एक डेढ लाखसम्म कमाइ हुने अपेक्षा छ," रमेशले भन्नुभयो, "विगतमा प्रतिगोटा २५ पैसामासमेत बिक्री गर्नुपर्दा त्यतिबेला गाउँसम्म आउने सहज बाटो थिएन, भाउ थिएन, आफैले झारेर धुवानी गर्नुपर्थ्यो, अहिले सुन्तलाको माग छ, बाटो सहज छ तर सुन्तला बगैँचा छैन। लटरम्मै हुने गरी फल दिने सुन्तलाका बोटले फल दिन नसक्दा साविकको जिल्ला कृषि विकास कार्यालयले पकेट क्षेत्रमा सूचीकृत यस गाउँमा केही वर्षदेखि बोट मात्रै हुँदा किसान चिन्तामा छन्। उनीहरूको मात्रै नभइ गाउँमा रहेका ८० घरपरिवारले नै लामो समयदेखि सुन्तला लगाउँदै आए पनि बोटमा रोग लागेपछि अधिकांशको सुन्तला मरिसकेको र केहीको मात्रै अलिअलि बाँकी छन्। विगतमा आफूहरूले रु तीन करोडसम्म लिने गरेपनि यतिबेला रु पाँच/दस लाख पनि पाउन मुस्किल हुने स्थानीयवासीको भनाइ थियो। बीस वर्षको बीचमा ग्रिनिङ भाइरसका कारण सुन्तलाको जरा मर्ने, पात मर्ने, हाँगा सुक्दै जाने, साना दाना लाग्ने, कम फल्नेजस्ता समस्या किसानले झेल्दै आए पनि समाधान गर्न नसक्दा गाउँभरिका सुन्तलाबारी नै सखाप भइसकेको उनीहरूले बताए। यहाँका किसानले उतिबेला ठीक यही समयमा सुन्तला बगैँचा हेर्दै खाँदै किसान आ-आफूले लगाएको बारीको सुन्तला यो साल त यति लाखमा बेच्छु र त्यो पैसाले यो काम गर्छु भन्दै योजनासहित खुसी भएर बसेका हुन्थे तर विगतकेही वर्षदेखि सुन्तलाले फल दिन नसक्दा अवस्था फेरिएको छ। साविकको जिल्ला कृषि विकास कार्यालयमा पकेट क्षेत्रमा सूचीकृत स्याउत गाउँबाहेक तार्कुको गहते, करापुटारको बेतिनी, भोर्लेटारका लामासोती, उदिपुरको धिमिरे, भोटेओडारलगायत क्षेत्रमा रोग लागेर सुन्तलाका बोट मर्दै गएपछि बगैँचा मासिँदै गएको छ। जिल्लामा उत्पादित सुन्तला कम हुँदा बाहिरी जिल्लामा उत्पादित सुन्तलाले बजार ओगेटेको छ।

यतिबेला सुन्तला प्रतिकिलो रु एकसय ४० देखि रु एकसय ५० मा बिक्री हुँदै आएको छ। कत्ले, पतेरोलगायत कीराले बिरुवा तथा बोटमा रोग सार्ने र सिट्रेस डिक्लाइन (उत्पादनमा ह्रास हुने रोग), ग्रिनिङ भाइरसजस्ता रोग लाग्ने तर गोडमेल, स्याहार, सिँचाइको व्यवस्था, बिरुवा छनोटजस्ता काममा किसानले ध्यान नदिएकाले सुन्तला बगैँचा मासिने क्रम बढेको कृषि ज्ञान केन्द्रले जनाएको छ।

जिल्लामा एक हजार दुई सय हेक्टर क्षेत्रफलभन्दा बढीमा सुन्तला खेती हुने गरे पनि केही वर्षदेखि करिब एक सय ५० हेक्टर जमिनमा मात्र सुन्तला खेती हुने गरेको कार्यालयले जनाएको छ।

# श्रीवृद्धि सहकारीको भवन उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, १० मंसिर

पोखरा महानगरपालिका–१० मा अवस्थित श्रीवृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ औँ वार्षिक साधारणसभा पोखरामा सम्पन्न भएको छ।

साधारणसभाकै अवसरमा संस्थाको नवनिर्मित भवनको उद्घाटन गरिएको हो। पोखरा–१२ मा संस्थाले आफ्नो भव्य कार्यालय भवन निर्माण गरेको हो। प्रतिनिधिसभाका सदस्य मनबहादुर गुरुङले भवनको उद्घाटन गर्नुभयो। त्यसैगरी सहकारीले आफ्नो शौचालयलाई सर्वसाधारणका लागि निःशुल्क खुला गरेको छ। पोखरा महानगरपालिकाको योजना अनुसार सार्वजनिक शौचालय शुभारम्भ गरिएको हो।




साधारणसभाको उद्घाटन गर्दै प्रतिनिधिसभाका सांसद गुरुङले सहकारी क्षेत्रलाई व्यवस्थित अघि बढाउन सञ्चालक समिति र शेयर सदस्यहरुको ठूलो भूमिका हुने बताउनुभयो। विकेन्द्रीकृत पूँजीलाई केन्द्रीकृत गरी स्वावलम्वन बन्दै सहकारी क्षेत्रलाई अघि बढाउँदै सरकारको तीन खम्बे नीति अनुसार सहकारी अघि बढ्नुपर्ने र निर्णायक भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो। प्रतिनिधिसभाकासांसदशिवनेपालीले सहकारी संस्थाहरुले जनताको बचत सुरक्षित गर्नुपर्ने र कुनै समस्या नआउने गरी सहकारी सञ्चालन गर्नुपर्ने बताउनुभयो।

श्रीवृद्धि सहकारी संस्थाका अध्यक्ष मीनबहादुर गुरुङले संस्थाको गुणस्तरीयतालाई उचाईमा पुग्नका लागि पूँजी र कारोबार वृद्धिका प्रयासलाई तीव्रताका साथ अघि बढाइएको बताउनुभयो। शेयर पूँजी वृद्धि, निक्षेप संकलनका लागि प्रभावकारी खाता सञ्चालन, ऋण असुली प्रक्रिया थप प्रभावकारी, संस्थाका शेयर सदस्य तथा कर्मचारीको ज्ञान, सीप, अनुभव र क्षमता वृद्धिका कार्यक्रम सञ्चालनको योजना रहेको अध्यक्ष गुरुङले जानकारी दिनुभयो। अध्यक्ष गुरुङले भन्नुभयो,"सम्पूर्ण शेयर सदस्यहरुलाई पनि आफ्नो सहकारीको अपनत्व महसुस हेन गरी सहकारीका क्रियाकलाप अघि बढाएका छौँ। पछिल्लो समय केही सहकारीले आफ्नो कारोबार बिगारेका कारण सहकारीप्रति जनविश्वास कम हुँदै गइरहेको अवस्थामा पनि हामी हाम्रो संस्थालाई अवतरण गराउन सफल भएका छौँ।" ढिकालेथर महिला बचत सहकारीका अध्यक्ष सिर्जना आचार्य सिग्देलले कुनै एक सहकारीका संचालकले गरेको बदमासीले गर्दा समग्र सहकारी र राम्रो काम गर्नेहरुलाई समेत असर परेको बताउनुभयो। बचतकर्ता तथा ऋणिहरुले बजार हल्लाको पछि नलागि कारोबार गरेमा सहकारीमा समस्या नआउने आचार्यले उल्लेख गर्नुभयो। कार्यक्रममा कार्यक्रममा सहकारी संस्थाका संस्थापक अध्यक्ष प्राडा कृष्ण केसी, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्वउपकुलपति डा वुद्धिबहादुर थापा, रामघाट महिला बचत तथा ऋण सहकारी संस्थाका कोषाध्यक्ष चाँदनी हमाल, सुनौलो भविष्य महिला सहकारी संस्थाका संस्थापक सल्लाहकार अनिता तिमिलिल्सना लगायतले श्रीवृद्धि सहकारीले आफ्नै कार्यालय भवन निर्माण गरेकामा कारोबार सञ्चालनमा सहज हुने विश्वास व्यक्त गर्नुभएको थियो।साधारणसभामा स्वागत संस्थाका उपाध्यक्ष कृष्णप्रसाद गौतम(धैर्य), सञ्चालन कार्यबाहक सचिव तथा कोषाध्यक्ष रुद्रनाथ अधिकारी र सहकारीका सात सिद्धान्त बाचन सञ्चालक समिति सदस्य डा विनिता कोइराला शर्माले गर्नुभएको सहकारीका कार्यालय प्रमुख दुर्गाप्रसाद तिमिल्सिनाले जानकारी दिनुभयो।